नेको इन्सुरेन्स लि.
Neco Insurance Ltd.
नवदुर्गा भवन, अनामनगर, काठमाण्डौ, नेपाल ।
फोन नं: ९७७-०१-४७७०१२७, ०१-४७७०४१५, फ्याक्स नं: ९७७-०१-४७७०१६२
इमेल: info@necoinsurance.com.np, वेवसाइट: www.necoinsurance.com.np

सि.नं.

को

हकप्रद शेयर खरीद दरखास्त फाराम

कोड नं. ☐☐☐

मार्फत:

NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४४३७९६३ फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np URL: www.nmbcapital.com.np

शेयरधनी नं. ☐☐☐☐☐

श्री संचालक समिति,
नेको इन्सुरेन्स लि.
अनामनगर, काठमाण्डौ, नेपाल ।

हितग्राही खाता नं.	**DP ID**	☐☐☐☐☐☐☐☐
	Client ID	☐☐☐☐☐☐☐☐

महाशय,

त्यस कम्पनीको ३२,४०,४३६.३२ कित्ता बराबरको हकप्रद शेयर निष्कासन प्रयोजनका लागि प्रकाशित “हकपद्र शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु”को शर्त अनुसार कम्पनीले आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०७३/०९/१४ भन्दा अघिल्लो दिन सम्ममा मेरो/हाम्रो नाममा कायम अभौतिक .... कित्ता र भौतिक ....कित्ता शेयरको १ : १ को अनुपात (अर्थात विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को दरले हुन आउने .... कित्ता हकप्रद शेयर खरिद गर्न मेरो/हाम्रो हक बमोजिम .... कित्ता शेयरहरु खरिद गर्ने ईच्छा भएकोले प्रति शेयर रु.१००/– का दरले हुन आउने जम्मा रकम रु. .... (अक्षरेपी..मात्र) को भौचर/ड्राफ्ट संलग्न गरी तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन पेश गरेको छु/छौं । कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
सावीक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७३/ /	भौचर नं./ड्राफ्ट नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गा.वि.स./न.पा.		जिल्ला
Address	House No./Ward no		Tole		VDC/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.			Phone No.		Mobile No.		
ना.प्र.प.नं./जारी स्थान			पो.ब.नं.		Email ID		
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

यस दरखास्त फाराममा भएको विवरणहरु पूर्ण रुपमा साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मवेवार हुनेछु । साथै यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरि आर्जन गरेको होइन । झुठो ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टब्य:
१. सावीक शेयरधनीले आफ्नो शेयरधनी परिचय/हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client Id दुवै उल्लेख गर्नुपर्नेछ ।
३. यस दरखास्त फाराममा गरिएका सम्पूर्ण विवरण पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुबै भाषमा भर्नुपर्नेछ ।
४. रितपुर्वक नभरिएको दरखास्त हकप्रद शेयर बाँडफाँडमा समावेश गरिने छैन । साथै चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।
५. हक हस्तान्तरण गर्ने गरि मनोनयन गर्ने व्यवस्था नभएको ।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

मार्फत:

NMB CAPITAL LIMITED
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३ फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np URL: www.nmbcapital.com.np

हकप्रद शेयर खरिद रसिद

दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	N E C O I N S U R A N C E L T D .				
No. of shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(Applicant's Signature)

For Official Use Only:

चेक भुक्तान नभएमा दरखास्त फारम स्वत: रद्द हुनेछ ।

Received by:		Shareholder No.		DP ID	
Date:	Stamp	Code No.		Client ID	

द्रष्टब्य: १) हकप्रद शेयरको रकम फिर्ता भुक्तानी/प्रमाण-पत्र लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । २) हकप्रद शेयर बाँडफाँडमा परेका शेयरधनीले शेयरको प्रमाण-पत्र बुझ्न आउँदा शेयरधनीको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा अन्य कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । ३) हकप्रद शेयरको रकम फिर्ता भुक्तानी/प्रमाण-पत्र लिन आउँदा आफु उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडी मञ्जुरीनामा दिने र लिने दुबैले दस्तखत गरी यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । ४) मञ्जुरीनामा पाउने व्यक्तिले यो रसिद साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा अन्य कुनै आधिकारिक परिचयपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

नेको इन्सुरेन्स लिमिटेड

यस हकप्रद निष्काशन प्रयोजनको लागि मिति २०७३/०९/१४ मा शेयरधनी दर्ता किताब बन्द गरिएकोले सो भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरु मात्र यस निष्काशनमा आवेदन दिन योग्य रहेको ।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७३/०९/०६

१. **कम्पनीको नाम :**
नेको इन्सुरेन्स लिमिटेड (Neco Insurance Limited) ।

२. **रजिष्टर्ड कार्यालय :**
यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३३ मा रहेको छ ।

३. **कारोवार स्थान :**
यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान नवदुर्गा भवन, अनामनगर, काठमाडौंमा रहेकोछ । बीमा समितिको स्विकृती लिई नेपाल राज्य भित्र वा विदेशमा आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सक्ने छ । यस कम्पनीले हाल देशका विभिन्न स्थानमा शाखा कार्यालयहरु खोली कारोबार सञ्चालन गरिरहेको छ ।

४. **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**
संगठित संस्थाको संक्षिप्त परिचय:
नेको इन्सुरेन्स लिमिटेड प्रचलित कम्पनी ऐन बमोजिम २०५१ साल पौष ०१ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले बीमा समितिबाट बीमा ऐन, २०४९ को दफा १० को उपदफा (३) तथा बीमा नियमावली, २०४९ को नियम ८ को उपनियम (१) बमोजिम बीमकको रुपमा बीमा व्यवसाय गर्न पाउने स्वीकृति प्राप्त गरि मिति २०५३ जेष्ठ १७ गतेदेखि कारोबार सञ्चालन गरिरहेको छ । कम्पनीका संस्थापकहरुमा बैंकिङ्ग, इन्स्योरेन्स, ट्रेडिङ्ग, एवं उत्पादन क्षेत्रमा लामो समयदेखि आवद्ध रहेका तथा अनुभव हासिल गरेका देशका ख्यातिप्राप्त व्यक्तित्व/संस्थाहरु रहेका छन् ।

संगठित संस्थाको उद्देश्य:
कम्पनीको प्रबन्धपत्रको दफा ३ तथा नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेको छः

(क) प्रत्येक किसिमको बीमा व्यवसाय गर्ने जसमा हरेक किसिमको निर्जीव बीमा, हरेक किसिमको जमानी तथा क्षतिपूर्ति समेत समावेश भएको बीमा व्यवसाय गर्ने ।
(ख) आगलागी सम्बन्धमा व्यक्ति, कामदार, फ्याक्ट्री घर, सवारी साधनहरु एवं अन्य चल-अचल सामानहरु तथा त्यस आगलागीबाट हुने खतरा, हानि तथा सम्पत्तिको नोक्सानीको सम्बन्धमा बीमा तथा पूनर्बीमाको काम गर्ने ।
(ग) मोटर, हवाई जहाज आदि विभिन्न प्रकारका यातायात साधनको बीमा, स्थलमार्ग, वायुमार्ग एवं जलमार्गका साधन सरसामानको बीमा (मेरिन र गुड्स इन्ट्रान्जीट) व्यक्तिगत जोखिम दुर्घटना बीमा, थल मार्ग, वायु मार्ग एवं जल मार्गका चालकहरु सम्बन्धी बीमा, विभिन्न प्रकारका औद्योगिक कच्चापदार्थ, औद्योगिक उत्पादन, मेशिन औजार, भवन, गोदाम कारखानाको मालसामान, व्यापारिक सामान समेतको बीमा तथा पूनर्बीमाको काम गर्ने ।
(घ) विविध बीमा अन्तर्गत हवाई उडान बीमा, कामदारहरुको जोखिम बीमा, व्यक्तिगत दुर्घटना बीमा, मार्ग स्थल, नगद बीमा, क्यास इन सेफ बीमा, एक्स्पिडिसन र ट्रेकिङ्ग बीमा, निष्ठा जमानी बीमा (फाइडिलिटी ग्यारेण्टी), तेस्रो पक्ष दायित्व बीमा, चोरी तथा सेंधमारी डकैती बीमा, ठेकेदारको सम्पूर्ण जोखिम बीमा, स्ट्रङ्ग रुम बीमा, व्यक्तिगत तथा सामूहिक दुर्घटना, फाइडिलिटी, पर्फमेन्स तथा विड आदि ग्यारेण्टीर स्योरिटी बीमा, व्यक्तिगत तथा पेशावर इन्डेम्नीटी बीमा, मेशिनरी ब्रेक डाउनको बीमा तथा अन्य विविध तथा इन्जिनीयरिङ्ग बीमा व्यवसाय गर्ने ।
(ङ) स्वदेश तथा विदेश बीमा तथा पूनर्बीमा कम्पनीसंग पूनर्बीमा आदान प्रदान गर्ने ।
(च) मेडिकल बीमा तथा अशक्तावस्था तथा निवृत्तिभरण जस्ता व्यक्ति सेवामूलक बीमा, कृषि क्षेत्रसंग सम्बन्धित पशुधन बीमा, बाली बीमा आदि ।
(छ) अन्य सबै प्रकारका बीमा व्यवसाय गर्ने र बीमा व्यवसायसंग सम्बन्धित अन्य सम्पूर्ण कार्य गर्ने ।

५. **शेयर पूँजीको संरचना :**
(क) अधिकृत पूँजी :
यस कम्पनीको अधिकृत शेयर पूँजी रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब रुपैयाँ) लाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका १,००,००,००० (एक करोड) कित्ता शेयरहरुमा विभाजन गरिएको छ ।
(ख) जारी पूँजी :
यस कम्पनीको जारी शेयर पूँजी रु. ६४,८०,८७,२६४/- (अक्षरेपी चौसठ्ठी करोड असी लाख सतासी हजार दुई सय चौसठ्ठी रुपैयाँ) लाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका ६४,८०,८७३ (चौसठ्ठी लाख असी हजार आठ सय त्रिहत्तर) कित्ता शेयरहरुमा विभाजन गरिएको छ ।
(ग) चुक्ता पूँजी :
यस कम्पनीको चुक्ता पूँजी रु.३२,४०,४३,६३२/- (अक्षरेपी बत्तिस करोड चालिस लाख त्रिचालिस हजार छ सय बत्तिस रुपैयाँ) लाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका ३२,४०,४३६.३२ (बत्तिस लाख चालिस हजार चार सय छत्तिस दशमलव तीन दुई) कित्ता शेयरहरुमा विभाजन गरिएको छ । यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ६४,८०,८७,२६४।- (अक्षरेपी चौसठ्ठि करोड असी लाख सतासी हजार दुई सय चौसठ्ठि रुपैयाँ) रहनेछ ।

६. **शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना :**
शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना (%)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३८,८८,५२३.५८	६०	३८,८८,५२,३५८.४०	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	२५,९२,३४९.०६	४०	२५,९२,३४,९०५.६०	"
	जम्मा	६४,८०,८७२.६४	१००	६४,८०,८७,२६४.००	शतप्रतिशत

७. **सञ्चालकहरु तथा कार्यकारी प्रमुखको परिचय :**
क) कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनुभएको छः

क्र.सं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता/अनुभव (सम्बन्धित वा अन्य)
१	श्री रमेश कुमार निरौला (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	अध्यक्ष	जमदह गा.वि.स. वडा नं. १, सिराहा	BSc, LLB/एनडिइपी विकास बैंकमा ४ बर्ष तथा माछापुच्छ्रे बैंक लिमिटेडमा संचालक भै २ वर्ष कार्य गरेको अनुभव ।
२	श्री कविराज अधिकारी (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	रत्ननगर-३, चितवन	CA, MBS/ राष्ट्रिय वाणिज्य बैंकमा विभिन्न पदमा ११ वर्षको अनुभव, हाल-DGM राष्ट्रिय वाणिज्य बैंक ।
३	श्रीमती कृति कुमारी महतो (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	का.म.न.पा.-९, काठमाण्डौ	प्रमाणपत्र तह/विभिन्न संघ, संस्था तथा महतो ग्रुपको व्यवसायमा आवद्ध ।
४	श्री इन्द्र बहादुर थापा (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	का.म.न.पा.-३४, नयाँ बानेश्वर	स्नातकोत्तर/ सार्वजनिक वित्त व्यवस्थापनमा २५ वर्ष भन्दा बढी काम गरको / विभिन्न बाणिज्य बैंक, बित्त कम्पनी, इन्स्योरेन्स कम्पनीहरुको संचालक भै कार्य गरेको अनुभव ।
५	श्री भानुभक्त पोखरेल (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	हडिया, उदयपुर	स्नातक/कानून व्यवसायी, अधिवक्ता, विभिन्न बैंक तथा वित्तीय संस्था लगायत अन्य संस्थाहरुमा कानूनी सल्लाहकारको रुपमा आवद्ध ।
६	श्री रत्न राज पाण्डेय (स्वतन्त्र सञ्चालक)	सञ्चालक	मध्यपुर, ठिमी	स्नातकोत्तर (व्यवस्थापन), वि.एल./ नेपाल सरकारको सह सचिव तहमा बसी काम गरेको अनुभव । ने.टि.भीको पूर्व अध्यक्ष ।

नोटः सञ्चालक समितिमा हाललाई १ जना सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालनको पद रिक्त रहेको छ ।

ख) कार्यकारी प्रमुखको विवरण

क्र.सं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता/अनुभव
१	श्री विश्वराम तिमिला	प्रमुख कार्यकारी अधिकृत	बालुवाटार, काठमाडौं	स्नातकोत्तर (व्यवस्थापन)/ **ओरेन्टल इन्सुरेन्स लि.**: २०३८ देखि २०५३ सालसम्म **नेको इन्सुरेन्स लि.**: सिनियर म्यानेजर - २०५३।३।१, भाइस प्रेसिडेन्ट - २०५७।७।१, सिनियर भाइस प्रेसिडेन्ट - २०६३।२।१, डेपुटी जनरल म्यानेजर - २०६९।६।२५, निमित्त प्रमुख कार्यकारी अधिकृत - २०७०।२।२१, का.मु.प्रमुख कार्यकारी अधिकृत - २०७१।१।१४, प्रमुख कार्यकारी अधिकृत - २०७२।३।१

८. **सञ्चालक समितिको बनौट :**
सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

संस्थापक समूह "क"वर्गका शेयरधनीहरुबाट	४ (चार) जना
सर्वसाधारण समूह "ख" वर्गका शेयरधनीहरुबाट	२ (दुई) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

९. **लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम:**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०९/१४ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता को दरले) हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा नेपाल धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत बुझाइ आवेदन दिन सक्नेछन् । त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिनेछ र थप धितोपत्र बोर्डमा दर्ता गरिने व्यहोरा वार्षिक साधारण सभाबाट निर्णय गरिनेछ । यसरी खण्डित हकप्रद शेयरलाई धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार बाँडफाँड गर्ने निर्णय कम्पनीको सञ्चालक समितिले गर्नेछ ।

यसरी निर्णय गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरकालागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिनेछ । तर यस हकप्रद निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई पूर्ण कित्तामा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ ।

यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिने छ । दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

१०. **साविकका शेयरधनीले हकप्रद शेयर खरीदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**
शेयरधनीहरुले आफूले प्राप्त गर्ने हकप्रद शेयरको लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहेका शेयरहरु धितोपत्र निष्काशन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिले अत्यन्तै पारदर्शी तरिका (जस्तै : लिलाम बढाबढ) द्वारा बिक्रि गर्नेछ । यसरी बिक्री गर्दा खरीद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

११. **हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरीद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**
कम्पनीले यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले शेयर खरिद गर्दा आफ्नो नाममा कायम शेयरको १ : १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ताको दरले)हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन् । साथै शेयरधनीहरुले आफूले हकप्रद आधारमा माथि उल्लेखित खरीद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन् ।

१२. **कम्पनीको विगत तीन वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण :**
कम्पनीको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, र आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

वासलात

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
श्रोत						
चुक्ता पूँजी	१३५,२२२	२८१,७७७	३२४,०४४	६४८,०८६	७२५,८५६	७४९,७०६
अग्रिम पूँजी भुक्तानी	६९,८६०	-	-	-	-	-
जगेडा तथा कोष	६२,८३५	८७,७४९	९६,७८०	१२२,४३४	१४६,११४	१७६,६७७
बीमा कोष	७३,२१६	११९,३०८	१८०,०९५	२६३,५९१	३८१,१२९	५२७,७१२
महा-विपत्ती जगेडा	३,७१५	८,०८९	१४,१६८	२३,५७२	३४,२६९	४६,८९६
तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-	-	-	-
कुल श्रोत	३४४,८४९	४९६,९२३	६१५,०८७	१,०५७,६८२	१,२८७,३६८	१,५००,९९१
उपयोग						
स्थिर सम्पत्ति (खुद)	१२,९३५	१५,७५०	२९,०६४	३३,९३८	३७,३७४	४१,०२४
दीर्घकालिन लगानी	११५,२७१	२४२,२६३	२४४,००१	३१७,७७७	३८४,५११	४६५,२५८
दीर्घकालिन कर्जा	-	-	-			
चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु	-	-	-			
नगद तथा बैंक मौज्दात	८५,३७०	१५७,९६७	१३६,७०५	१८०,५०४	२५६,१८२	२६८,६३४
अल्पकालिन लगानी	४१६,१०१	३८४,६८३	५८१,७२९	९३२,७७७	१,०६०,६११	१,२१५,२९१
अल्पकालिन कर्जा	-	-	-			
अन्य सम्पत्ति	१५३,१२६	२०२,२१५	३३७,२९३	४८८,९०४	७२३,६९२	१,०३८,७९३
जम्मा	६५४,५९७	७४४,८६५	१,०५५,७२६	१,६०२,१८४	२,०४०,४८६	२,५२२,७१८
चालु दायित्व तथा व्यवस्थाहरु						
चालु दायित्व	१११,४६५	९७,३९६	१४५,११५	१३५,४६५	१५७,३५७	१८३,०१५
असमाप्त जोखिम वापत व्यवस्था	१०२,०३२	११६,४२५	२१४,२८८	२५८,०८७	३३२,९९४	४२९,५६२
भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	१०५,०८१	१५१,७३६	१५२,१०९	२१६,१९८	२७८,८९६	३५९,७७६
अन्य व्यवस्था	१२०,१९४	१४०,९६८	२०२,५१५	२८६,५४२	४०५,७५६	५५५,६५५
जम्मा	४३८,७७२	५०६,५२४	७१४,०२७	८९६,२९२	१,१७५,००३	१,५२८,००८
खुद चालु सम्पत्ति	२१५,८२५	२३८,३४१	३४१,६९९	७०५,८९२	८६५,४८३	९९४,७१०
अपलेखन वा समायोजन हन बाँकी विविध खर्चहरु	८१८	५७०	३२२	७५	-	-
नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-	-	-	-
कुल उपयोग	३४४,८४९	४९६,९२३	६१५,०८७	१,०५७,६८२	१,२८७,३६७	१,५००,९९२

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
आम्दानी						
आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	५१,७६३	६३,१०१	१९२,६२६	२५४,७८१	३३९,३८५	४३९,०७८
लगानी कर्जा तथा अन्यबाट आय	१५,८४८	५४,६८०	१९,९३९	३०,४८०	४८,८७४	५८,७७१
व्यवस्था फिर्ता	९३३	३,४६७	१,४७९	-	-	-
अन्य आम्दानी (विवरण खुलाउने)	-	-	-	-	-	-
जम्मा आम्दानी	६८,५४४	१२१,२४८	२१४,०४३	२८५,२६१	३८८,२५९	४९७,८४८
खर्च						
व्यवस्थापन खर्च	६,५१२	७,९५९	११,६०१	१४,३१२	१७,५४१	२१,४९७
अपलेखन खर्च	२४८	२४८	२४८	२४७	५३	-
शेयर सम्बन्धी खर्च	९५	१,१२६	१,२६०	१,३९२	१,३९२	१,३९२
अन्य खर्चहरु	६६०	१९२	-	-	-	-
नोक्सानीको लागि व्यवस्था	१,१३२	९२५	५,९२३	-	-	-
कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-
कर्मचारी बोनस व्यवस्था	५,४४५	१०,०७२	१७,७२८	२४,४८३	३३,५७०	४३,१७८
समायोजित आयकर	१७,७५४	८,५४१	५५,७०८	७३,४४८	१००,७११	१२९,५३४
आ) आयकर	१७,५३४	८,७९०	५६,३४७	७३,४४८	१००,७११	१२९,५३४
इ) स्थगन कर सम्पत्ति/दायित्व	२२०	(२४९)	(६३९)	-	-	-
जम्मा खर्च	३१,८४६	२९,०६४	९२,४६९	११३,८८२	१५३,२६७	१९५,६०२
खूद नाफा /(नोक्सान)	३६,६९८	९२,१८४	१२१,५७४	१७१,३७९	२३४,९९२	३०२,२४७
(क) बीमा कोषमा सारेको	१८,४५९	४६,०९२	६०,७८७	८५,६९०	११७,४९६	१५१,१२३
(ख) बीमा जगेडामा सारेको	-	-	-	-	-	-
अघिल्लो वर्षसँग सम्वन्धित खर्च	-	२,५६५	-	-	-	-
अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान)	१८,९१५	२०९	१४,३८४	१७,९२६	१३,५६६	१३,३९७
बाँडफाँडको लागि उपलब्ध रकम	३७,१५४	४३,७३६	७५,१७२	१०३,६१६	१३१,०६२	१६४,५२०
क) स्थगन कर जगेडा	(२२०)	२४९	६३९	-	-	-
ख) पूँजीगत जगेडा	-	-	-	-	-	-
ग) विशेष जगडा	-	-	-	-	-	-
घ) अन्य जगेडा	-	-	-	-	-	-
ङ) प्रस्तावित लाभांश		-	-	-	-	
अ) बोनश शेयर	३१,७७७	२२,५०५	६४,८०९	७७,७७०	१०१,६२०	११९,९५३
आ) नगद लाभांश (बोनश शेयरको कर)	१,६७२	२,२२५	३,४११	४,०९३	५,३४८	६,३१३
च) महा-विपत्ती जगेडा	३,७१५	४,३७४	६,०७९	८,१८६	१०,६९७	१२,६२७
वासलातमा सारेको नाफा/(नोक्सान)	२०९	१४,३८४	२३४	१३,५६६	१३,३९७	२५,६२७

एकिकृत आय-व्यय हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
आय						
बीमा शुल्क (खूद)	२०२,९६७	२३१,६८२	४२७,४२३	५१४,७५८	६६४,०३८	८५६,६०९
पुनर्बीमा कमिशन आय	५७,३२९	६२,८८८	९२,१९५	१४४,८१०	१८६,८०६	२४०,९७९
लगानी, कर्जा तथा अन्यबाट आय	२०,१७८	५५,३७८	२५,९८२	४०,९५४	५५,३२०	६२,३९७
अन्य प्रत्यक्ष आय	२३०	-	-	-	-	-
आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	८२,४०३	१०५,०८१	१५१,७३६	१६७,५७२	२१६,१९८	२७८,८९६
आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था	९१,५४०	१०१,४४८	११५,८४९	१९९,३८७	२५७,११२	३३१,७३६
जम्मा आय	४५४,६४७	५५६,४७७	८१३,१८६	१,०६७,४८१	१,३७९,४७४	१,७७०,६१८
व्यय						
दावी भुक्तानी (खुद)	९६,८९३	११६,८३७	११९,३९२	१७०,०२५	२१९,३३२	२८२,९३८
अभिकर्ता कमिशन	३६,२५०	३२,६८६	२५,६९१	३३,०२८	४२,६०६	५४,९६२
पुनर्बीमा कमिशन खर्च	२,५३७	२,३२५	९७०	२,११४	२,७२७	३,५१८
सेवा शुल्क (खुद)	२,०३०	२,३१७	४,२७४	५,१४८	६,६४०	८,५६६
अन्य प्रत्यक्ष खर्च	-	-	-	-	-	-
व्यवस्थापन खर्च	५८,६०८	७१,६३५	१०४,४११	१२८,८०८	१५७,८६८	१९३,४७६
आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	१०५,०८१	१५१,७३६	१५२,१०९	२१६,१९८	२७८,८९६	३५९,७७६
आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था	१०१,४८४	११५,८४१	२१३,७१२	२५७,३७९	३३२,०१९	४२८,३०५
जम्मा व्यय	४०२,८८४	४९३,३७६	६२०,५६०	८१२,७००	१,०४०,०८८	१,३३१,५४०
नाफा नोक्सान हिसाबमा सारेको	५१,७६३	६३,१०१	१९२,६२६	२५४,७८१	३३९,३८५	४३९,०७८

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS) = २५.९०%

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ ।

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
शेयर पूँजी	१३५,२२२	२८१,७७७	३२४,०४४	६४८,०८६	७२५,८५६	७४९,७०६
जगेडा तथा कोषहरु	६२,८३५	८७,७४९	९६,७८०	१२२,४३४	१४६,११४	१७६,६७७
बीमा कोष	७३,२१६	११९,३०८	१८०,०९५	२६३,५९१	३८१,१२९	५२७,७१२
महा-विपत्ती जगेडा	३,७१५	८,०८९	१४,१६८	२३,५७२	३४,२६९	४६,८९६
जम्मा	२७४,९८९	४९६,९२३	६१५,०८७	१,०५७,६८२	१,२८७,३६८	१,५००,९९१
अपलेखन हुन बाँकी खर्च	८१८	५७०	३२२	७५	-	-
नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-	-	-	-
कुल नेटवोर्थ	२७४,१७१	४९६,३५३	६१४,७६४	१,०५७,६०७	१,२८७,३६८	१,५००,९९१
शेयर संख्या ('००० मा)	१,३५२.२२	२,८१७.७७	३,२४०.४४	६,४८०.८६	७,२५८.५६	७,४९७.०६
प्रति शेयर नेटवोर्थ (रु.)	२०२.७६	१७६.१५	१८९.७२	१६३.१९	१७७.३६	२००.२१
प्रति शेयर आम्दानी (रु.)	२७.१४	३२.७२	३७.५२	२६.४४	३२.३७	४०.३२
नेटवोर्थमा प्रतिफल (%)	१३.३९	१८.५७	१९.७८	१६.२०	१८.२५	२०.१४
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

**प्रक्षेपित वित्तीय विवरण कम्पनी स्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु एम.जि.एस. एण्ड एशोशिएटस्का चार्टर्ड एकाउण्टेण्टस् श्री सञ्जय चन्द्र बस्नेतज्यूले प्रमाणित गर्नुभएको हो ।

१३. **संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरू :**
(क) नयाँ निर्जीवन वीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुने जोखिम ।
(ख) अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर वीमा लगानीको क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुन जोखिमहरु ।
(ग) नेपाल सरकारले वर्तमान वीमा सेवा नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।
(घ) पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।
(ङ) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।
(च) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु ।

व्यवसायिक जोखिमहरुबाट श्रृजना हुन सक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धि जोखिम : निष्काशन गरिएको शेयर मूल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेकोछ ।

१४. **शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**
क) कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ । यसरी बाँडफाँड भएपश्चात् नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई शेयरधनीहरुको माग अनुसार हकप्रद शेयरको प्रमाण-पत्र वितरण गरी वा हितग्राही खाता भएका शेयरधनीहरुलाई निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरि हकप्रद शेयरको खरीद बिक्रीको व्यवस्था मिलाइनेछ ।
ख) शेयर बाँडफाँड गर्दा यस हकप्रद शेयर निष्काशन प्रयोजनकालागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०९/१४ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ः १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता को दरले) हुन आउने शेयरको लागि आवेदन दिएमा सोहि अनुरुप शेयर बाँडफाँड गरिनेछ । यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा नेपाल धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत बुझाइ आवेदन दिन सक्ने छन् । त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिनेछ र थप धितोपत्र बोर्डमा दर्ता गरिने व्यहोरा वार्षिक साधारण सभाबाट निर्णय गरिनेछ । यसरी खण्डित हकप्रद शेयरलाई धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार बाँडफाँड गर्ने निर्णय कम्पनीको सञ्चालक समितिले गर्नेछ ।
यसरी निर्णय गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरकालागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिनेछ । तर यस हकप्रद निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई पूर्ण कित्तामा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ ।
यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

१५. **शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**
कम्पनीले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको प्रमाण-पत्र वितरण गरी निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा सूचीकरण गराई खरिद बिक्रीको व्यवस्था मिलाइनेछ

१६. **पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**
कम्पनीले सर्वसाधारणमा निष्काशन गरेको शेयर मिति २०७२/१०/१७ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भएको हुँदा विगत एक आर्थिक वर्षको शेयर कारोवारको विवरण निम्नानुसार रहेकोछ ।

कम्पनीको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम बजार मूल्य (रु)	शेयर कारोवार संख्या
२०७२/२०७३	२,२५०	४३६	१,९९०	१५,७१,१८१
२०७१/२०७२	९२५	४०४	४६२	३,८१,५५७
२०७०/२०७१	८२०	११५	७७०	२,२१,२४०

कम्पनीको विगत तीन महिनाको शेयर कारोवारको विवरण

मंसिर २०७३	२,१९०	१,६०३	१,७८०	१,३२,५१६
कार्तिक २०७३	२,३००	२,०८९	२,१८०	१,३४,६९५
असोज २०७३	२,२०५	२,०२५	२,११०	४३,८८९

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

१७. **हकप्रद शेयर खरीद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**
(क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०९/१४ भन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कमपनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हितग्राही खाता नं, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
(ग) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।
(घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा माथि १७(क) मा उल्लेख भए अनुसार खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।
(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०९/१४ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुलेमात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।
(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।
(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।
(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।
(झ) प्रमाण-पत्र बुझ्न आउँदा शेयरधनीले दरखास्त फारमको अर्धकट्टीको साथै आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय-पत्रको सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नाबालकको हकमा दरखास्त फारमको अर्धकट्टीको साथै संरक्षकको आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । शेयरधनीले अन्य व्यक्ति मार्फत् आफ्नो शेयरको प्रमाणपत्र प्राप्त गर्न चाहेमा मन्जुरीनामा, दरखास्त फारमको अर्धकट्टी, शेयरधनीको नागरिकता प्रमाणपत्रको सक्कल प्रतिको साथै मन्जुरीनामा प्राप्त गर्ने व्यक्तिको कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
(ञ) शेयरको बाँडफाँड भई नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात् बाँडफाँडमा परेका हितग्राही खाता भएका शेयरधनीहरुलाई हकप्रद शेयर अभौतिकरुपमा निजहरुबाट उपलब्ध गराईएको हितग्राही खातमा सोझै जम्मा गर्ने व्यवस्था मिलाईने छ र डिम्याट खाता नभएका शेयरधनीहरुले यस कम्पनीको शेयर डिम्याट गरे पश्चात वा आफ्नो हितग्राही खाता नं. यस कम्पनीको शेयर रजिष्ट्रारलाई उपलब्ध गराए पश्चात निजको खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ । साथै, डिम्याट खाता भएका वा नभएका जुनसुकै शेयरधनीले आफुले प्राप्त गर्ने हकप्रद शेयर भौतिक रुपमा समेत लिन चाहेमा धितोपत्रको प्रमाणपत्र भौतिक रुपमा समेत उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
(ट) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिनुपर्नेछ ।

१८. **आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः**
हक हस्तान्तरण गर्ने गरी मनोनयन गर्ने व्यवस्था नभएको ।

१९. **धितोपत्र खरीदका लागि आवेदन फारम पाइने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थानहरु साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ :**

सि.नं.	संकलन केन्द्रहरु
१	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं ।*
२	एनएमबि बैंक लिमिटेडका शाखा कार्यालयहरुः चावहिल, कलंकी, काठमाडौं; सुर्यविनायक, भक्तपुर; कुमारीपाटी, ललितपुर; तीनदोबाटो, बनेपा; आदर्शनगर, विरगञ्ज; मिलनचोक, बुटवल; बसपार्करोड, धनगढी; भानुचोक, जनकपुर; न्यूरोड, पोखरा; नारायणगढ, चितवन; सुर्खेतरोड, नेपालगञ्ज; रङ्गेलीरोड, विराटनगर; महेन्द्रपथ, धरान र विर्तामोड, झापा

*उपरोक्त संकलन केन्द्रमा दरखास्त साथ चेक मात्र बुझिलिने व्यवस्था गरिएको छ ।
उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा पठाउन सकिने छ । हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन ।

२०. **निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :**
यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौ	००१३०६०००५४०१००००१८२

नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंकहरूलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

२१. **हकप्रद शेयर बिक्री खुल्ला अवधि :**
हकप्रद शेयरकालागि दरखास्त लिने कार्य कम्तिमा पैंतिस दिनकालागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरकालागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको प्रचलित निर्देशिकाको अधीनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा पन्ध्र दिन सम्मकालागि खुल्ला राख्न सकिनेछ ।

२२. **लगानीकर्ताहरुको गुनासो तथा सुझाब सम्बन्धी व्यवस्था :**
कम्पनीको प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाब सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्नेछन्: फोन नं.४४३७९६३, फ्याक्स नं.४४३७९६०, E-mail: info@nmbcl.com.np ।

२३. **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**
बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA Nepal) ले यस कम्पनी बैंकद्वारा जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई इक्रा नेपाल लिमिटेडले औषत आधारहरु (Fundamentals) जनाउने "ICRANP IPO GRADE3" प्रदान गरेको छ । [ICRANP] IPO GRADE 3 ले average fundamentals जनाउदँछ । ग्रेड २, ३, ४ मा प्रयोग गरिने + (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउदँछ ।

२४. **सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :**
यस कम्पनीको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु.१९,३८,०९,८०० जम्मा गरिसकेको व्यहोरा अवगत गराउंदछौं ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :	
निष्कासन खुल्ला मिति	२०७३/११/०३ गते
निष्कासन बन्द हुने मिति	२०७३/१२/०७ गते (बैंकिङ्ग समय पश्चात्)

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः
NMB CAPITAL LIMITED
एनएमबि क्यापिटल लि.
नागपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४४३७९६३
फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcapital.com.np

दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र

नेको इन्सुरेन्स लि.
Neco Insurance Ltd.
NECO
नवदुर्गा भवन, अनामनगर, काठमाण्डौ, नेपाल ।
फोन नं: ९७७-०१-४७७०१२७, ०१-४७७०४१५

विषय : मञ्जुरीनामा सम्बन्धमा

म/हामी आफैं उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको .... कित्ता हकप्रद शेयर प्रति शेयर रु. १००/- का दरले जम्मा रु. .... (अक्षरेपी रु. ....) मध्ये बाँडफाँडमा .... कित्ता हकप्रद शेयर परेकोले बाँकी रु. .... (अक्षरेपी रु. ....) र सो को शेयर प्रमाणपत्र श्री .... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं । निजलाई भुक्तानी/शेयर प्रमाण-पत्र दिनु भएमा पछि कुनै किसिमको बाधा बिरोध गर्ने छैन/छैनौं । गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ ।

भवदीय,

निवेदकको दस्तखत : ....
निवेदकको नाम : ....
निवेदकको फोन नं. ....

मञ्जुरीनामा पाउनेको दस्तखत : ....
मञ्जुरीनामा पाउनेको नाम : ....
मञ्जुरीनामा पाउनेको फोन नं. ....

यो रसिद हराई अकलि भुक्तानी/शेयर प्रमाणपत्र लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।